# गुनासोरहित

– *दिनेश अधिकारी*

धेरै पल्ट

बढो मुस्किलले समय निकालेर

तिमीलाई भेट्न भनेर आएको-म

हरेक पटक

तिम्रो ढोकासम्म पुगेर पनि

तिमीलाई नभेटिकनै फर्केको छु !

थाहा छ किन ?

म तिमीसँग केही माग्न चाहन्नथें

म तिमीसँग केही पाउन चाहन्नथें

र केवल हार्दिकताका साथ

कुनै छिमेकीलाई भेटेजस्तै

निरपेक्ष भेट्न चाहन्थें

र भेटेर

केवल भेट्नुको आनन्द आत्मसात् गर्न चाहन्थें

तर म बाहिरैबाट देख्थें

जहिले पनि तिमी

आफ्ना भक्तहरूबाट घेरिएका हुन्थ्यौ

र तिम्रा भक्तहरू

कोही धूप-दीपसहित

अबिर र फूल-मालाले तिमीलाई सिंगारिरहेका हुन्थें

कोही तिम्रो अगाडि हात जोडेर

तिम्रो नामको भजन गाइरहेका हुन्थे

र कोही कोही

तिम्रो पाउमा शिर ठोकेर

याचनाका हातहरू फैलाइरहेका देखिन्थे

चूपचाप तिमी हेरिरहेका हुन्थ्यौ

लाग्थ्यो, तिमी प्रसन्न छौ

र भक्तहरू तँछाडमछाड गर्दै

तिम्रो नाममा

अनेकानेक भाकलहरू उठाइरहेका हुन्थे

त्यसपछि

कसै गरे पनि

आफूले आफैंलाई रोक्न नसकेर

म मन्दिरको ढोकाबाटै

आफ्नो आगमनको निरर्थकता स्वीकारेर फर्कने गर्थें

यद्यपि तिमीसँग मेरो कुनै गुनासो छैन

र पनि भन्न सक्तिन

तिमीसँग मेरो भेट

अब कहिल्यै हुन्छ पनि कि हुँदैन

तिमी के सोच्छौ-त्यो तिम्रो कुरा हो

म भनें-

कहिल्यै पनि तिमीलाई

आफूभन्दा फरक देख्न रुचाउन्न

ईश्वर हुनुको तिम्रो अस्तित्वलाई स्वीकार गर्दा

मेटिनु त परै जाओस्

अलिकति मात्रै पनि

कतै खुम्चिन्छ भने आफ्नो अस्तित्व

मलाई माफ गर मेरो भगवान् !

कि जात होला

त्यस स्थितिमा

म तिमीलाई सम्झन पनि चाहन्न

मैले तिम्रो सन्दर्भमा सोचेजस्तो

बिना कुनै स्वार्थ

कहिले कहीं नै सही

भगवान् !

मात्र आत्मीयताको कारण

के तिमीलाई पनि मान्छेसँग भेट्न मन लाग्दैन ?

लाग्छ भने-

कुनै पनि बेला आए हुन्छ

तिमी पनि मेरो घरतिर

तर हेक्का राख्नु

मेरो घरमा

तिम्रो लागि भनेर

छुट्टै र अग्लो स्थानमा

कुशआसन ओछ्याएको चाहिं हुँदैन।